# नरहरिनाथ गाउँपालिकाको आर्थिक वर्ष

# २०७९।८० को

# बजेट बक्तव्य

नरहरिनाथ गाउँ कार्यपालिकाको कार्यालय

कुमालगाउँ, कालिकोट

२०७९।०३।१०

# आर्थिक वर्ष २०७९।८० को बजेट बक्तव्य

**गाउँसभाका सभाध्यक्षज्यू,**

**तथा सदस्यज्यूहरू,**

नेपालको संविधान जारी भए पश्चात दोस्रो पटक स्थानीय तहको निर्वाचन भइ गठन भएको पहिलो गाउँसभामा आर्थिक वर्ष २०७९।८० को बजेट पेश गर्न पाउँदा गौरव महशुस गरेको छु। यस महत्वपूर्ण अवसरमा नेपालको राजनीतिक एवं शासन व्यवस्था परिवर्तन गर्न आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु। अप्रत्यासित रुपमा आएको कोभिड १९ को कारण विश्वले नै ठूलो जनधनको क्षति वेहोर्ने पुगेको छ। उक्त विपद्बाट ज्यान गुमाने सम्पूर्ण प्रति समेत हार्दिक समवेदना व्यक्त गर्न चाहन्छु। कोभिड १९ बाट भएको आर्थिक सामाजिक क्षतिको छिट्टै पुनर्उत्थान हुने अपेक्षा समेत लिएको छु। साथै यस गाउँपालिकाका विभिन्न वडाहरूमा अविल वर्षाका कारण भएको भौतिक तथा मकै धानवालीको क्षती प्रति दुःख व्यक्त गर्दै छिट्टै राहत तथा क्षतिपूर्तीको लागि व्यवस्था गरिने प्रतिवद्धता समेत व्यक्त गर्दछु।

नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तहलाई संवैधानिक रुपमा सार्वभौम अधिकारको प्रत्याभूती गरेको छ। नागरिकको सबैभन्दा नजिकको सरकार भएकाले स्थानीय सरकारसँग नागरिकका अधिक अपेक्षाहरू रहेका छन्। उक्त अपेक्षाहरुको संवोधन गर्ने जिम्मेवारी स्थानीय तहको काँधमा आएको छ।

सिमित स्रोत साधनको व्यवस्थापन गर्दै जनताका विकासका अपेक्षाहरू संवोधन गरी सामाजिक न्याय प्राप्ती गर्नुपर्ने चूनौती गाउँपालिकामा रहेको छ। नेपालको संविधान, पन्ध्रौ योजनाको लक्ष्य तथा उद्देश्य, दिगो विकासका लक्ष्य, स्थानीय सरकार सञ्चालन ऐन तथा गाउँपालिकाको आवश्यकता समेतलाई मध्यनजर गरी निर्वाचन पश्चातको छोटो समयमा नै बजेट तयारी गर्नुपरेको अवस्था छ। छोटो समयमा नै महत्वपूर्ण सुझाव तथा सल्लाह दिइ बजेटलाई पूर्णता दिन अमूल्य सहयोग, सुझाव तथा सल्लाह दिने सम्पूर्ण जनप्रतिनिधीहरू, पूर्व जनप्रतिनिधीहरू, राष्ट्रसेवक कर्मचारीहरू, बुद्धिजीविहरू, पत्रकार, नागरिक समाज, श्रमिक वर्ग, राजनीति दलका प्रतिनिधी, गैरसरकारी संघ तथा संस्थाहरू तथा अन्य सरोकारवाला प्रति हार्दिक आधार व्यक्त गर्दै आगामी दिनमा समेत सकारात्मक तथा रचनात्मक भूमिका निर्वाह गर्न अपिल समेत गर्दछु।

**सभाका सभाध्यक्ष महोदय,**

**अव म चालु आर्थिक २०७८।७९ को बजेट तथा कार्यक्रमको संक्षिप्त समिक्षा प्रस्तुत गर्न चाहन्छु।**

चालु आर्थिक वर्षमा संशोधन सहित रु ५७ करोड ७७ लाख ३५ हजार रुपैयाको बजेट विनियोजन भएकोमा हालसम्म ५१ प्रतिशत खर्च भएको छ। आर्थिक वर्षको अन्तिम सम्ममा ९५ खर्च हुने अनुमान रहेको छ।

**अव म आर्थिक बर्ष २०७९।८० को बजेकटको उद्देश्य तथा प्राथमिकता पेश गर्न अनुमती चाहन्छु।**

बजेटका उद्देश्यलाई निम्न अनुसार प्रस्तुत गरेको छु।

१. पूर्वाधार तथा आर्थिक विकास गरी समृद्ध गाउँपालिका निर्माण गर्ने
२. स्वास्थ्य सेवालाई सहज र गुणस्तरीय बनाउने
३. शैक्षिक क्षेत्रको गुणस्तरलाई अभिवृद्धि गर्ने
४. कृषिको विकासको लागि रणनीति योजनाका साथ कार्य गर्ने
५. गाउँपालिकाको शासकीय पद्धतिमा सुधार गरी आम नागरिकलाई सुशासनको अनुभूती गराउने।

**सभाध्यक्ष महोदय,**

**अव म आर्थिक वर्ष २०७९।८० को बजेटका प्राथमिकता प्रस्तुत गर्न चाहन्छु।**

१. गाउँपालिकामा यातायात सञ्चाल विकास गर्ने
२. कृषि क्षेत्रको विकास गर्दै रोजगारी सिर्जना तथा गरिवी निवारणमा जोड दिने
३. शैक्षिक क्षेत्रलाई गुणस्तरीय बनाउदै थप सुदृढ बनाउने
४. विकासमा जनसहभागिता अभिवृद्धि गर्ने
५. कला संस्कृतिको सम्मान तथा जगेर्ना गर्ने
६. क्रमागत तथा दिगो रणनीतिक विकासका योजनाहरूको कार्यान्वयन गर्ने
७. स्वास्थ्य सेवालाई गुणस्तरीय तथा भरपर्दो बनाउने
८. गाउँपालिका, वडा कार्यालय तथा स्वास्थ्य संस्थाको भौतिक पूर्वाधार विकास गरी नागरिकमैत्री बनाउने

**सभाध्यक्ष महोदय,**

**अब म आर्थिक वर्ष २०७९।८० को लागि नरहरिनाथ गाउँपालिकाको अनुमानित आय तथा व्ययको विवरण प्रस्तुत गर्न गइरहेको छु।**

नेपाल सरकारबाट वित्तीय समानीकरण अनुदान वापत प्राप्त हुने अनुमानित रु १३ करोड १६ लाख, सशर्त अनुदान चालु रु २१ करोड २६ लाख, पुंजीगत १ करोड ९ लाख , विशेष अनुदान ७० लाख, समपुरक अनुदान ८० लाख र राजश्व बाँडफाँडबाट प्राप्त हुने ९ करोड ४६ लाख, प्रदेश सरकारबाट विनियोजित समानीकरण अनुदान १ करोड ३७ लाख ४० हजार, सशर्त चालु ५१ लाख ७० हजार, सशर्त पूँजीगत ३ करोड ७५ लाख, विशेष ५० लाख तथा समपुरक अनुदान १ करोड, राजश्व बाँडफाँड ४ लाख २८ हजार ५ सय ७५, गाउँपालिकाको अनुमानित आन्तरिक राजश्व ४० लाख र गत वर्षको बाँकी मौज्दात अनुमानित १ करोड गरी जम्मा रु ५५ करोड ५ लाख ३८ हजार ५ सय ७५ रुपैया अनुमानित गरिएको छ। जसमध्ये ६३ प्रतिशत चालु तथा ३४ प्रतिशत पुंजीगत खर्च हुनेगरी विनियोजन गरिएको छ।

**सभाध्यक्ष महोदय,**

**अब म आर्थिक वर्ष २०७९।८० को लागि विनियोजित कार्यक्रमको विवरण सभासमक्ष पेश गर्न अनुमती चाहन्छु।**

**कृषि तथा पशु**

१. **"कृषिमा अभिवृद्धि नरहरिनाथको समृद्धि"** भन्ने मूल नाराका साथ कृषि क्षेत्रलाई उच्च प्राथमिकतामा राखेको छु। कृषि रणनीतिक योजना अध्ययन, अनुसन्धान तथा विकास र भूमीको बर्गिकरण तथा सीमाङ्कनको लागि रु २० लाख विनियोजन गरेको छु। स्याउँ तथा ओखर बाली पकेट क्षेत्र विकास कार्यक्रमलाई निरन्तरता दिइएको दिइएको छ। जसको लागि रु ६ लाख विनियोजन गरेको छु। गाउँपालिकाको सम्भाव्य क्षेत्रमा दलहन वाली पकेट क्षेत्र विकासको लागि रु १२ लाख विनियोजन गरेको छु।

२. ओखर खेती विस्तार कार्यक्रमको लागि रु १५ लाख विनियोजन गरिएको छ। मकैवालीको प्रवर्द्धन कार्यक्रमको लागि रु २० लाख विनियोजन गरिएको छ। गाउँपालिकामा आवश्यक कृषि जनशक्तिको व्यवस्था गरी कृषि सम्बन्धी कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न आवश्यक कार्य गरिनेछ।

३. पशुपालन व्यवसायलाई व्यवसायिक तथा उत्पादनमुखी बनाउन कृत्रिम गर्भाधान मिसन कार्यक्रम सञ्चालन गरिनेछ। कृषि तथा पशुपंछि र मत्स्य सम्बन्धी तथ्याङ्क अद्यावधिक गरिनेछ। किसान सूचीकरण कार्यक्रमलाई अभियानको रुपमा सञ्चालन गरिनेछ।

४. कृषि पेशालाई व्यवसायिक रुपमा अगाडी बढाइ गाउँपालिकामा नमूना कृषकको रुपमा रहेका कृषकलाई उत्कृष्ट कृषकको रुपमा सम्मान गर्न आवश्यक बजेट व्यवस्था गरेको छु।

५. कृषि तथा पशुपंछि क्षेत्रको समग्र विकासको लागि १ करोड २० लाख विनियोजन गरेको छु।

## सडक तथा भौतिक पूर्वाधार

१. नरहरिनाथ रिङरोड सडक निर्माणलाई उच्च प्राथमिकता दिइएको छ। नरहरिनाथ रिङरोड निर्माणको लागि रु १ करोड विनियोजन गरेको छु। लालिघाट देखि गाउँपालिकासम्म तथा खुलालु देखि लालुसम्म वडा नं ८ र ९ को सडक स्तरोन्नती कार्यको लागि रु ६० लाख विनियोजन गरेको छु। खच्चेदेखि ७ नं वडा कार्यालयसम्म सडक निर्माणको लागि रु ४० लाख विनियोजन गरेको छु। साथै विश्वकुना देखि खच्चेसम्मको सडकको स्तरोन्नती गरिनेछ। विश्वकुना पिपलरुख हुँदै रामारोशन सम्मको पर्यटन मार्गको निर्माणको लागि रु १ करोड ६० लाख रकम विनियोजन गरेको छु।

२. गाउँपालिका निर्माणाधीन नरहरिनाथ रंगशाला निर्माण कार्यलाई उच्च प्राथमिकता दिएको छु। संघ तथा प्रदेशबाट विनियोजन हुने बजेटसँग साझेदारी गर्दै निर्माण कार्यलाई निरन्तरता दिन रु १० लाख विनियोजन गरेको छु।

३. नरहरिनाथ अध्ययन केन्द्रको विकासको लागि रणनीतिक रुपमा कार्यहरू अगाडी बढाइनेछ। हाल कृषि संकलन केन्द्रको रुपमा रहेको रहगाडको भवनलाई आवश्यक सामग्री सहित नरहरिनाथ अध्ययन केन्द्रको रुपमा विकास गर्न रु ५ लाख विनियोजन गरेको छु।

४. हाल सञ्चालनमा रहेका जलविद्युत आयोजनाहरूलाई मर्मत तथा स्तरोन्नती कार्य गरिनेछ। उक्त कार्य गर्न रु २० लाख विनियोजन गरेको छु।

५. गाउँपालिकाको साझेदारीमा निर्माणाधीन झोलुङ्गेपुलहरूको निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

६. सडक तथा अन्य भौतिक पूर्वाधार निर्माणको लागि ८ करोड ८० लाख विनियोजन गरेको छु।

## स्वास्थ्य

१. सबै स्वास्थ्य संस्थालाई भौतिक पूर्वाधार सम्पन्न बनाउन आवश्यक बजेट व्यवस्था गरिएको छ। उक्त पूर्वाधार निर्माणको कार्य क्रमागत रुपमा गर्नेगरी हाल ४५ लाख विनियोजन गरिएको छ।

२. सबै स्वास्थ्य संस्था तथा आँखा उपचार केन्द्रको लागि आवश्यक औषधि खरिद गर्न बजेट व्यवस्था गरिएको छु।

३. जेष्ठ नागरिक तथा अशक्त वर्गको घरदैलोमा नै स्वास्थ्य जाँच तथा उपचार गर्ने कार्यको सुरूवात गरिनेछ।

४. गाउँपालिकाका स्वास्थ्य संस्थामा सुत्केरी हुन नसकी अन्य जिल्लामा रिफर हुने सुत्केरीको लागि गाउँपालिकाबाट निःशुल्क एम्बुलेन्स सेवाको व्यवस्था गरिनेछ।

५. गाउँपालिकामा कार्यरत स्वास्थ्यकर्मीको क्षमता अभिवृद्धिको लागि आवश्यक कार्य गरिनेछ। स्वास्थ्य कर्मचारिको दरबन्दीलाई आवश्यकताको आधारमा व्यवस्थापन गरिनेछ।

६. स्वास्थ्य क्षेत्रको लागि ४ करोड ५४ लाख बजेट विनियोजन गरेको छु।

**शिक्षा**

१. शिक्षा क्षेत्रको गुणस्तरियता अभिवृद्धि गर्न आवश्यक प्रकृया अगाडी बढाइनेछ। विद्यार्थी अनुपातको आधारमा शिक्षक दरबन्दी कायम गरिनेछ।
२. विद्यालयको भौतिक पूर्वधार निर्माण कार्यलाई निरन्तरता दिइनेछ।
३. तोकिएका विद्यार्थीको दिवा खाजा कार्यक्रमका लागि आवश्यक बजेट व्यवस्था गरिएको छ।
४. विद्यालयको समग्र शैक्षिक सुधारको लागि आवश्यक नीतिगत व्यवस्था गरिनेछ।
५. शिक्षा क्षेत्रको समग्र विकासको लागि १४ करोड ७ लाख विनियोजन गरेको छु।

**कला, संस्कृति तथा पर्यटन**

१. गाउँपालिकाम रहेका सम्पूर्ण कला तथा संस्कृतिको संरक्षण तथा जगेर्ना गरिनेछ। गाउँपालिकामा कला संस्कृति केन्द्रको अध्ययन तथा निर्माण गरिनेछ।
२. गाउँपालिकामा सम्पूर्ण सहिद प्रति सम्मान अभिवृद्धि गर्न सहिदपार्क निर्माण कार्यको थालनी गरिनेछ।
३. गाउँपालिका सांस्कृतिक सम्पत्तीको रुपमा रहेका मेला तथा महोत्सव मार्फत पर्यटन प्रवर्द्धनका कार्य गरिनेछ।
४. सुनथराली एअरपोर्ट हुँदै बडिमालिकासम्मको पदमार्गको सम्भाव्यता अध्ययन गरिनेछ।
५. समग्र कला तथा संस्कृतिको जगेर्नाको लागि आवश्यक बजेट व्यवस्थापन गरेको छु।
६. भाषा तथा संस्कृतिको विकासको लागि रु १५ लाख विनियोजन गरेको छु।

**सामाजिक सुरक्षा**

१. जेष्ठ नागरिक तथा अशक्तको लागि घरमा नै सामाजिक सुरक्षा भत्ता वितरणको व्यवस्थाको लागि सम्वन्धित निकायसमक्ष पहल गरिनेछ।
२. बालबालिका, विपन्न महिला, दलित, अपाङ्ग, सहिद तथा घाइते परिवार लक्षित आयआर्जन तथा सशक्तीकरण कार्यक्रम सञ्चालन गरिनेछ। जसको लागि रु ३२ लाख विनियोजन गरेको छु।
३. गाउँपालिकालाई बालबालिका मैत्री बनाउन वाल उद्यानको निर्माण कार्यको थालनी गरिनेछ।
४. स्वास्थ्य विमा कार्यलाई अभियानको रुपमा सञ्चालन गरिनेछ। विपन्न वर्गको विमा कार्यको लागि रु ६ लाख ५० हजार विनियोजन गरेको छु।
५. विपद् व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन विपद्को पूर्वतयारी, प्रतिकार्य तथा पुनर्लाभ समेतको चरणको लागि आवश्यक तयारी गरिनेछ। विपद् न्यूनीकरण तथा प्रतिकार्यकालाई विभिन्न संघ

संस्थाहरूसँग सहकार्य गरिनेछ। विपद् व्यवस्थापनलाई संबोधन गर्न रु ३५ लाख विनियोजन गरेको छ।

६. गाउँपालिकामा बहुक्षेत्रीय पोषण कार्यक्रमलाई निरन्तरता दिन आवश्यक बजेट व्यवस्था गरेको छ।

**युवा, रोजगारी तथा खेलकुद**

१. प्रधानमन्त्री रोजगार तथा मुख्यमन्त्री रोजगार कार्यक्रमलाई उत्पादनमुलक क्षेत्रमा केन्द्रित गरिनेछ। जसको लागि उक्त कार्यक्रमसँग आवश्यक बजेट साझेदारी गरिनेछ।
२. युवा उद्यमी विकास कार्यक्रम मार्फत रोजगारी सिर्जना गरिनेछ।
३. युवाको लागि नवीन सीपमूलक तालिम सञ्चालन गरिनेछ।
४. गाउँपालिकामा खेलकुदको विकास गर्न खेलकुद प्रतियोगिताहरू आयोजना गरिनेछ।
५. युवा तथा खेलकुदको विकासको लागि २८ लाख विनियोजन गरेको छ। साथै श्रम तथा रोजगारीको क्षेत्रको लागि रु १ करोड ८२ लाख विनियोजन गरेको छ।

**सुशासन**

१. गाउँपालिकाको संस्थागत सुशासन अभिवृद्धि गर्न नियमित रुपमा सार्वजनिक सुनुवाइको कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ। नागरिकको सुसुचित हुन पाउने सूचनाको हकको सम्मान गरिनेछ।
२. विगतका आर्थिक वर्षहरूमा महालेखा परीक्षकको कार्यालयबाट बेरुजुको रुपमा औंल्याइएको ६ करोड ८२ लाख ९० हजार बेरूजू रकम न्यूनीकरणको कार्यलाई प्राथमिकताका साथ गरिनेछ।
३. गाउँपालिकाको व्यवस्थापन तथा सर्भेक्षण गरी लागू गरिनेछ। कर्मचारीहरूको कार्यविवरण बनाउनुका साथै कार्यसम्पादन करार अनिवार्य गरिनेछ। करारका कर्मचारीहरू समेतको कार्यसम्पादन मुल्याङ्कनको थालनी गरिनेछ। कार्यसम्पादन मुल्याङ्कनको आधारमा सेवा सुविधाको व्यवस्था हुने गरी करार सम्झौता गर्ने व्यवस्था मिलाइनेछ। कार्यसम्पादन मुल्याङ्कनमा उच्च अंक प्राप्त गर्ने कर्मचारीहरूलाई थप सेवा सुविधा वृद्धि गरिनेछ। गाउँपालिकाको आन्तरिक क्षमता तथा कार्यबोझ समेतलाई मध्यनजर गरी आवश्यक कर्मचारी पदपूर्तीको कार्य गरी सहज रुपमा सेवा प्रवाहको व्यवस्था गरिनेछ।

**राजश्व प्रशासन**

१. गाउँपालिकाको आन्तरिक आयलाई वृद्धि गर्न राजश्वका आवश्यक स्रोत खोजी गरिनेछ। करको दर भन्दा दायरा अभिवृद्धिमा जोड दिइनेछ। सम्पूर्ण वडा कार्यालयहरू मार्फत कर चुहावटलाई न्यूनीकरण गर्न आवश्यक कार्य गरिनेछ। राजश्व प्रणालीलाई व्यवस्थित गर्न सूचना प्रविधिको प्रयोग गरिनेछ।

सम्पूर्ण वडा कार्यालयहरूको राजश्वको क्षमताको मूल्याङ्कन गरिनेछ। राजश्वको क्षमता तथा असुलीको अवस्था समेतको अनुपातको विश्लेषणको आधारमा वडा समितिलाई बजेट विनियोजन गर्ने कार्यको सुरुवात गरिनेछ। आर्थिक वर्ष २०७९।८० को लागि प्रशताविक कर तथा राजश्वका दरहरू केही परिमार्जन सहित विनियोजन विद्येयकमा प्रशताव गरेको छु।

अन्त्यमा, आर्थिक वर्ष २०७९।८० को बजेट निर्माण कार्यमा प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने सम्पूर्ण जनप्रतिनिधीहरू, राजनीतिक दलहरू, कर्मचारीहरू, घाइते तथा सहिद परिवार, शिक्षक, बुद्धिजीवी, आम नागरिक, सुरक्षाकर्मी, पत्रकार, गैरसरकारी संघसंस्थाहरू लगायत सम्पूर्णमा विशेष धन्यवाद व्यक्त गर्न चाहन्छु।

**धन्यवाद ।।।**

कमल कुमार शाह
उपाध्यक्ष
नरहरिनाथ गाउँपालिका